# चैत्र महिनाको
# मासिक प्रगति प्रतिवेदन
# आ.व २०८०/८१

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# मासिक प्रगति प्रतिवेदन समिति

संयोजकः विकास खनाल ( प्रमुख प्रशासकीय अधिकृत )

सदस्यः वसन्त भट्टराई ( रोजगार संयोजक )

सदस्यः पवित्रा सत्याल ( प्रशासन साखा )

## १ पृष्ठभूमी.:

नेपाल एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थावाट संघिय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ। संघीय व्यवस्था अनुसार नेपालमा संघ , प्रदेश र स्थानिय तहको गठन भएको छ, जसमा गुल्मी जिल्लामा १२ स्थानिय तहको गठन भएको छ । मालिका गाउँपालिका गुल्मी जिल्ला लुम्बिनी प्रदेश मा अवस्थित छ । भौगोलिक रुपमा मध्य पहाडमा अवस्थित ९२.४९वर्ग कि.मी को विशाल क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाकोजनसंख्या २०,०७५ रहेको छ । स्थानियवासीहरुलाई सर्वसूलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ । पूर्वमा मुसिकोट नगरपालिका र इस्मा गाउँपालिका पश्चिममा , प्युठानजिल्लाको गौमुखी गाउँपालिका र गुल्मीको मदाने गाउँपालिका उत्तरमा ,बाग्लुङको बडिगाड र दक्षिणमा धुर्कोट गाउँपालिका रहेका छन् ।

नेपालको संविधान २०७२ , स्थानिय सरकार संचालन ऐन २०७४ , नेपाल सरकार तथा प्रदे श नं.५ को सरकारले निर्दिष्ट गरेको नीति, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ नियमावली,२०७७ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नीति निर्देशन, पन्ध्रौं आवधिक योजना, दिगो विकास लक्ष्य, सार्वजनिक खर्चको मितव्ययिता र प्रभावकारीकता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५, आदि नीति नियमले यो मासिक प्रगति प्रतिवेदन प्रस्तुत तथा समीक्षा गर्ने कार्यलाई आधार स्तम्भ मिलेको छ।

नेपालको संविधानले राज्यको पूनसंरचना गरि संघ , प्रदेश,र स्थानिय तहमा अधिकारको बाँडफाड गरेपछि आफ्नो भौगोलिक सीमा भित्र संविधानको अनुसूचि वमोजिमका अधिकारहरुको प्रयोग गर्न सकिने संबैधानिक व्यवस्था अनुसार स्थानिय तहको समग्र विकास र जनताको जिवनस्तरमा सुधार ल्याउने उद्देश्यका साथ मालिका गाउँपालिका योजनावद्ध ढंगले अगाडी बढिरहेको अवस्था छ ।

गाउँपालिका बाट हुने सेवा प्रवाहको प्रभावकारीता र गुणस्तरियताको प्रतिबिम्ब प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको कार्यदक्षता तथा कार्यशैलीमा देखिने गर्दछ । योजनावद्ध आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय आदि विकासको परिकल्पनालाई सारभूत तुल्याउन यो आ.व २०८०/०८१ को चैत्र महिना सम्मको प्रगति प्रतिवेदनले ठूलो टेवा पु ऱ्याउने तथा जननिर्वाचित जन प्रतिनीधिहरुलाई समेत थप उत्साह र जोसका साथ विकास कार्यमा अगाडि बढ्ने प्रेरणाको आधार स्तम्भको रुपमा यो प्रगति प्रतिवेदन रहने छ। गाउँपालिका बाट प्रवाह गरिने सेवा, कार्यप्रगति लगायतका विषयहरुमा सार्वजनिक गर्ने उद्देश्यले मासिक प्रगति प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ ।

मालिका गाउँपालिका
MALIKA RURAL MUNICIPALITY
गुल्मी, लुम्बिनी प्रदेश

## २ उद्देश्यहरु.:

- गाउँपालिकाबाट भएका चैत्र महिना सम्मको कार्यहरुको प्रगतिलाई आधार मानि थप भविष्यका योजनाहरु निर्माण गर्नु ।
- जनताको सूचनाको हक अधिकारलाई प्रत्याभूत तुल्याउनु र सार्वजनिक सेवाप्रवाहलाई जनमैत्री, पारदर्शी, जनउत्तरदायी बनउनु।
- कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित विषयमा के, कति ,कहिले ईत्यादि बारे सुपरिवेक्षण गर्नु ।
- निश्चित समयमा कार्यसम्पादन विश्लेषण गरि तय गरिएका लक्ष्यसँगको फरक पत्ता लगउनु र आगामी कार्यसम्पादनमा सुधार गर्नु ।

## (३).सकरात्मक पक्षहरु :

- जनमैत्री सेवाप्रवाहको लागी आवश्यक संस्थागत र संरचनागत पक्षहरु सुधार गरी सुशासनको प्राथमिकतामा राखिएको।
- सूचना प्रविधिलाई उच्च प्राथमिकता दिइने गरिएको ।
- नागरिक वडापत्रको व्यवस्था गरिएको ।
- सूचना हक कार्यन्वयनको लागी सूचना प्रवक्ताको व्यवस्था गरिएको ।
- सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन मासिक/चौमासिक कर्मचारी बैठक/समीक्षा गर्ने गरिएको।

## (४)सीमाहरु:

- यो प्रतिवेदनले वि.स २०८० साल चैत्र मसान्तसम्म भएको कार्यलाई मात्र समेटेको छ ।
- यो प्रतिवेदनले गाउँपालिकाले गरेका कार्यक्रमको प्रगति प्रतिवेदनलाई मात्र समेटेको छ ।

## ५.आर्थिक वर्ष २०८०/०८१ को चैत्र १ देखि चैत्र मसान्त सम्मको शाखागत कार्यको प्रगति विवरणः

मालिका गाउँपालिकाको आ.व २०८०/०८१ को गाउँसभाले पारित गरेको नीति ,बजेट तथा कार्यक्रमको अधिनमा रहि यस गाउँपालिकाका हरेक वडा तथा शाखाले नियमानुसार आ-आफ्ना कार्यहरु गरेका छन् ।जसमा मुख्यशाखागत रुपमा भएका प्रगतिहरु देहाय बमोजिम छन् ।

### प्रशासन शाखा

सम्पादित मुख्य काम

- ✓ कार्यसम्पादनमा आधारित प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत भई लागु भएको।
- ✓ मालिका गाउँपालिकाको आयोजनामा मिति २०८०/१२/०७ देखि २०८०/१२/०९ सम्मएकिकृत घुम्ति शिविर सञ्चालन गरिएको जसअन्तर्गत स्वास्थ्य उपचार,आयुर्वेदिक औषधी बितरण,माटो परिक्षण,विषादी वितरण,अपाङ्ग तथा जेष्ठ नागरिक परिचयपत्र वितरण,पशु औषधि वितरण,योजना फरफारक जस्ता विषय समेटिएको ।

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा मिति २०८०/१२/०१ गते मालिका गा.पा को वडा नं १ ,२,३ मा बजार अनुगमन समितिका संयोजक श्री उपेन्द्र अर्याल ज्यूको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय गुल्मीका प्रतिनिधि,पालिकाका प्र.प्र.अ, सुरक्षाकर्मीहरु र कर्मचारीहरुको संलग्नतामा म्याद सकिएका खाद्य वस्तुहरु बरामद गरि नष्ट गरिएको ।
- ✓ मालिका गाउँपालिकाको आयोजनामा चैत्र ७ — चैत्र ९ सम्म एकिकृत घुम्ति शिविर सञ्चालन गरिएको ।
- ✓ लुम्बिनी प्रदेश लोकसेवा आयोग बाट सिफारिस भई आएका उम्मेदवारहरुको स्थायी नियुक्ति पत्र, पदस्थापन पत्र निर्माणका कार्यहरु ।
- ✓ नियमित प्रशासनिक कार्य सञ्चालन का कार्यहरु।
- ✓ भैपरि आउने कार्यहरु।
- ✓ दोश्रो चौमासिक प्रगति समीक्षा कार्यक्रम ।

### वैशाख महिनामा गर्ने कार्यहरु

- मासिक कर्मचारी बेठक सञ्चालन ।
- नियमित कार्यहरु।
- भैपरि आउने कार्य।
- विषयगत समितिहरुको बैठक बसाउने ।
- चैत्र महिना/तेश्रो चौमासिक अवधिको प्रगति विवरण तयार गरि समीक्षा गर्ने ।

## कृषि विकाश शाखा

### सम्पादित मुख्य काम

- ✓ ५०% अनुदान खाद्यान्न वालीको उन्नत बिउ, धानको गवारो नियन्त्रणको लागि निःशुल्क विषादी, ९३ थान अस्थायी  पलाष्टिकटनेल वितरण गरिएको ।
- ✓ हेफरसँगको लागत साझेदारीमा माहुरी घार वितरण,उखु प्रवर्द्धन , तौल मेसिन वितरण, तरकारी उत्पादन तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको।
- ✓ ओखर पकेटको स्थापना तथा ९००० ओखर विरुवा रोपण कार्य सम्पन्न भएको ।
- ✓ बाली कटानी तथा रिपोटिङ्ग  र किसान सुचिकरण कार्य भईरहेको ।

### चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ मालिका गाउँपालिका वडा नं १ र २ मा किसान सूचिकरण, वडा नं ५मा १ हसे तालिम र बिउ वितरण ।
- ✓ उत्कृष्ट कृषक सम्मानका निम्ति आवेदन संकलन तथा ६३ थान प्लाष्टिक टनेल खरिद ।

### वैशाख महिनामा गर्ने कार्यहरु

- उत्कृष्ट कृषक सम्मान कार्यक्रम ।
- किसानको २५% लागत साझेदारिमा गा.पा भित्रका ८ वटै वडाहरुमा अस्थाई प्लाष्टिक टनेल वितरण।
- ५०% लागत साझेदारिमा कृषि औजार वितरणका लागि निवेदन संकलन तथा खरिद।
- कृषि चौमासिक प्रगति पत्रिका सार्वजनिक ।

## गरिबि निवारणका लागि लघु उद्यम विकास

### सम्पादित मुख्य काम

- ✓ मालिका गाउँपालिका वडा नं ५ छापहिलेमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ।
- ✓ सहभागितात्मक ग्रामिण लेखाजोखा सम्पन्न भएको ।
- ✓ घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न भएको ।
- ✓ समूह गठन भएको ।
- ✓ उद्यमशिलता तालिम(SIYB)

### चैत्र महिनाको कार्य प्रगति

- ✓ च्याउ तालिम समापन तथा House wiring and plumbingतालिम सञ्चालन ।

### वैशाख महिनामा गर्ने कार्यहरु

- ➢ सिलाईकटाई तालिम सञ्चालन ।
- ➢ मुढा बुनाई तालिम सञ्चालन ।

## प्राविधिक शाखा

### सम्पादित मुख्य काम

- ✓ चैत्र महिना सम्म खोल्नु पर्ने ठेक्काहरु खोलिसकेको र वडा अन्तरगतका सम्पूर्ण आयोजनाको इस्टिमेट तयार गरि सम्झौता गरि सकेको साथै समग्रमा गाउँपालिकाको पुंजीगत तर्फको भौतिक प्रगति ७०% सम्पन्न भएको र वित्तिय तर्फ ५०% खर्च भइसकेको।

### चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ ४ वटा आयोजनाको ठेक्का खोली मुल्याङ्कन समेत भई सकेको ।
- ✓ ६ वटा आयोजनाको अन्तिम बिलको मुल्याङ्कन तथा भुक्तानी गरिएको ।

- ✓ वडा तर्फका ८ वटै वडाका आयोजनाको लगभग ३० भन्दा बढी मुल्याङ्कन गरि भुक्तानी गरिएको ।
- ✓ ४ वटा आयोजनाको लागत अनुमान तयार गरि ठेक्का प्रक्रियामा लगिएको (NCB) ।

वैशाख महिनामा गर्ने कार्यहरु

- ➢ ५ वटा आयोजना (ठेक्का) को मुल्याङ्कन, सम्झौता एवम कार्य सुचारु ।
- ➢ वडाका बाँकिरहेका पुँजीगत तर्फका आयोजनाको मुल्याङ्कन तथा भुक्तानी ।
- ➢ कोटेसन मार्फत गरिने वडागत तथा पालिकाका आयोजनाको कार्य सम्पन्ना तथा भुक्तानि।
- ➢ चैत्र मसान्तसम्म सम्झौता भएका ठेक्का , आयोजनाको कार्य क्रमागत रुपमा सञ्चालन गरिने र जेठ १५ सम्म सबै आयोजना सम्पन्न ।

## शिक्षा शाखा

सम्पादित मुख्य काम

- ✓ विद्यालय सुपरिवेक्षण तथा मेन्टरिङ, शैक्षिक सामाग्री निर्माण तालिम, रिक्त दरवन्दी शिक्षक पदस्थापन, विभिन्न निकासाहरु (तलब , दिवाखाजा , प्रति विद्यार्थी र छात्रवृति) निकाशा को कार्य सम्पन्न भएको ।
- ✓ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, शैक्षिक पर्दशनी, युवा मैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरवी, नमुना युवा संसद अभ्यास, युवा स्वयमसेवक निर्माण तथा परिचालन, अभिभावकसँग उपाध्यक्ष, शिक्षा ऐन तथा नियमावली संशोधन र निर्माण जस्ता कार्यक्रम सम्पन्न भएको ।

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ वार्षिक परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन ।
- ✓ स्थायी शिक्षक पदस्थापन ।
- ✓ कार्यविधि निर्माण ।

- ✓ प्रधानाध्यापक तथा शिक्षा समिति बैठक तथा शिक्षा सम्बन्धी तालिम ।
- ✓ रिक्त दरबन्दी परीक्षा सञ्चालन तथा सिफारिस ।

वैशाख महिनामा गर्ने कार्यहरु

- ➢ प्रधानाध्यापक तथा शिक्षा समिति बैठक तथा शिक्षा सम्बन्धी तालिम ।
- ➢ रिक्त दरबन्दी परीक्षा सञ्चालन तथा सिफारिस ।
- ➢ ग्रेड वृद्धि परीक्षा सञ्चालन ।
- ➢ प्रधानाध्यापक कार्य सम्पादन सम्झौता तथा विद्यालय प्रगति विवरण।
- ➢ वार्षिक प्रगति प्रकाशन ।

## महिला बालबालिका तथा ज्येष्ठ नागरक शाखा

सम्पादित मुख्य काम

- ✓ अपाङ्ग सहयोग कार्यक्रम ।
- ✓ अपाङ्ग परिचयपत्र तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम ।
- ✓ बालबालिका कार्यक्रम अन्तर्गत माध्यमिक विद्यालयमा डकुमेन्ट्री प्रदर्शन ।

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ अपाङ्गहरुलाई सहायक सामाग्री वितरण कार्यक्रमको लागि आशा अपाङ्ग केन्द्र संग सम्झौता भएको ।
- ✓ एकिकृत घुम्ति शिविर सञ्चानल मार्फत वडा नं.२,६ र ८ मा रहेका स्वास्थ्य चौकी बाट वितरण गरिएको ।
- ✓ मालिका गाउँपालिका भित्रका करिव ३० जना अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग परिचयपत्र वितरण गरिएको ।

वैशाख महिनामा गर्ने कार्यहरु

- ➢ ज्येष्ठ नागरिक सम्मान गर्ने कार्यक्रम ।

➢ नियमित हुने कामकाज ।

## पशु सेवा शाखा

### सम्पादित मुख्य काम

- ✓ पशु स्वास्थ्य व्यवस्थापनको लागि औषधि वितरण तथा महामारी रोग (लम्पी स्किन डिजिज - ३००डोज ,रेविज -१६५ खोरेत- २७७०) विरुद्ध खोप लगाइएको।
- ✓ कृतिम गर्भाधान , घासको स्रोतकेन्द्र स्थापना , किसान सुचिकरण जस्ता कार्यक्रम संचालन गरेको।
- ✓ नश्ल सुधारकोलागि बोका (३८), बङगुर (५५) वितरण गरिएको।
- ✓ भकारो सुधार , खोर सुधार, बाख्रा प्रवर्द्धन, पशु व्यवस्थापन तालिम ,युवा समुह गठन २६३ उन्नत तथा स्थानिय बाख्रा वितरण जस्ता कार्यक्रम सञ्चालन गरिएको ।

### चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ कृत्रिम गर्भाधानको लागि भेटेनेरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट तरल नाइट्रोजन र सिमेन ल्याई कृत्रिम गर्भाधान सेवा सुचारु ।
- ✓ पहिलो वेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरणको लागि सुचना आह्वान ।
- ✓ घाँसको स्रोतकेन्द्र स्थापनाको लागि सुचना आह्वान ।

### वैशाख महिनामा गर्ने कार्यहरु

- ➢ कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत विभिन्न सामाग्री तथा उपकरण खरिद ।
- ➢ प्रत्येक वडाहरुबाट उत्कृष्ट पशुपालक छनौट ।
- ➢ पहिलो वेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण।
- ➢ महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम अन्तर्गत विभिन्न खोप खरिद गरि खोप कार्य सञ्चालन ।

## स्वास्थ्य शाखा :

### सम्पादित मुख्य काम तथा कार्य प्रगति

- ✓ मालिका गाउँपालिकामा २०८० साल चैत्र ०७ गते देखि ०९ गते सम्म ३ दिन सञ्चालन भएको एकिकृत घुम्ति शिविर बाट स्वास्थ्य तर्फ विशेषज्ञ सेवा सहितको सेवामा सेवा पाएका सेवाग्राहिहरुको विवरण
- ✓ आँखाको जाँच गरेका जम्मा संख्या ७३२ जना
- ✓ दन्त रोगको उपचार जम्मा संख्या ९१८ जना
- ✓ महिला रोग विशेषज्ञ सेवा प्राप्त गरेको संख्या ३४० जना
- ✓ भि आई ए गरेका महिलाहरुको संख्या ३२५ जना
- ✓ पाठेघर खसेका महिलाहरुको रिङप्रेसरी सेवा दिएको संख्या २८ जना
- ✓ जम्मा २३४३ जना
- ✓ २९ जना दिर्घ रोगी ( Kidney failure, Cancer , Spinal paralysis )लाई उपचार खर्च भुक्तानि ।

### वैशाख महिनामा गर्ने कार्यहरु

- ✓ नयाँ कर्मचारी लाई HMIS तालिम ।

## जिन्सी शाखाः

### सम्पादित मुख्य काम

- ✓ नियमित कार्य सञ्चालन का कार्यहरु।
- ✓ ई-हाजीरी तथा CCTV Camera जडान ।

### चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ १ नं वडा कार्यालय फर्निसिङ्ग ।
- ✓ ५ नं र ८ नं वडा कार्यालय सामाग्री खरिद तथा व्यवस्थापन ।
- ✓ Laptop, Printerलगायत मर्मत ।
- ✓ विगत वर्षौ देखि मर्मत हुन नसकेका कुर्सी मर्मत ।

## वैशाख महिनामा गर्ने कार्यहरु

- ➢ अतिथी गृहको फर्निसिङ्ग ।
- ➢ सहायक जिन्सी खातामा पूर्णता ।
- ➢ जिन्सी निरिक्षण ।

## रोजगार सेवा केन्द्रः

## चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ ४ जनालाईश्रम स्वीकृति प्रदान ।
- ✓ ८ वटै वडा बाट बेरोजगार फारम संकलन तथा EMIS मा प्रविष्टि ।
- ✓ PMEP अन्तर्गतका योजनाहरुको अनुगमन ।

## वैशाख महिनामा गर्ने कार्यहरु

- ✓ श्रम बैङ्क सञ्चालन कार्यविधि निर्माण ।
- ✓ रोजगार संवाद मञ्च सञ्चालन कार्यविधि निर्माण ।
- ✓ PMEP अन्तर्गतका योजनाहरुको अनुगमन ।

## सूचना प्रविधि शाखाः

## सम्पादित मुख्य काम

- ✓ गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा रहेमा सूचना प्रविधि संग सम्बन्धित मेशिनरी औजारको नियमित मर्मत सम्भारको लागि सेवा प्रदायक सस्था संग वार्षिक संझौता गरी कार्यन्वयन गरिएको।

- ✓ सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ (३) र सो को नियमावलीको नियम (३) बमोजिम गाउँपालिकाले प्रदान गरेका सेवा, प्रक्रिया, निर्णय तथा सूचना सम्बन्धमा प्रत्येक ३/३ महिनामा स्वत सार्वजनिक गर्ने गरिएको।
- ✓ कार्यलयमा स्थापित सूचना प्रविधिका पुर्वाधार, उपकरणहरुको व्यवस्थापन र नियमित रांख्र प्राविधिक सहयोग प्रदान गर्ने गरिएको।
- ✓ स्थानीत तहको Website, Software, System को नियमित सञ्चालन र अद्यावधिक गर्ने सहि अभिलेख तथा प्रतिवेदन तयार गर्ने गरिएको।
- ✓ स्थानीय तहको Computer System सम्बन्धी दैनिक क्रियाकलापहरु सुचारु रुपमा सञ्चालन भएको सुनिश्चित गर्ने गरिएको।
- ✓ संघीय तथा प्रादेशिक सरकारले माग गरेका सूचना, तथ्याङ्क तथा विवरण सम्बन्धित शाखा तथा पदाधिकारीहरु संगको समन्वयमा अध्यावधिक विवरण उपलब्ध गराउने गरिएको।
- ✓ सूचनाको हक सम्बन्धी ऐन २०६४ को परिच्छेद २ को दफा ३ को उपदफा १ र २ बमोजिम गाउँपालिकाको कार्यालयमा माग हुन आएका सूचनाहरु परिच्छेद २ को दफा ३ को उपदफा ४ बमोजिमक उपलब्ध गराउने गरिएको।

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ सूचना प्रविधी विभागको सहयोगमा गाउँपालिकाको कार्यालयमा विद्युतिय हाजिरी मेशिन जडान गरिएको।
- ✓ गाउँपालिका भित्रका सवै वडा कार्यालयमहरुमा CCTV क्यामरा जडान गरि गाउँपालिकाको कार्यालयमा Centralize गरिएको।

वैशाख महिनामा गर्ने कार्यहरु

- ✓ सवै वडा कार्यालयमा विद्युतिय हाजिरि मेशिन जडान गरि प्रणाली संचालन सम्वन्धी तालिम प्रदान गर्ने।
- ✓ विद्युतिय हाजिरी मेशिन र सि.सि.टि.भि. खरिद गरि जडान सम्पन्न भएको हुदाँ सम्बन्धित सेवा प्रदायक संस्थालाई रकम भुक्तानी दिने।

## आर्थिक शाखाः

### २०८० साउन १ देखि २०८० चैत्र मसान्त सम्मको खर्च विवरण

## वित्तिय खर्च तर्फ

- चालु खर्च —५०.०२%
- पुजीगत तर्फ —५१.३२%
- Aggregate—५०.४५%

### क्षेत्रगततर्फ खर्च विवरणः

| क्र.सं. | क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,८७,३०,७५०.०० | १,२१,६९,८३०.०० | ४२.३६ |
| २ | सामाजिक विकास | २९,१०,१८,०००.०० | १७,३२,०७,२४९.०४ | ५९.५२ |
| ३ | पूर्वाधार विकास | १२,३७,८८,७८१.०० | ८,०८,२२,५७८.९८ | ६५.२९ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ८३,९७,०००.०० | ३४,०५,७०५.०० | ४०.५६ |
| ५ | विपद व्यवस्थापन | १९,००,०००.०० | १२,५४,०००.०० | ६६ |
| ६ | कार्यालय सञ्चालन तथाप्रशासनिक | ९,५३,९३,७६१.०० | ५,३७,८१,५४८.२८ | ५६.३८ |
|  | **कुल जम्मा** | **५४,७३,२८,२९२.००** | **३२,३३,८६,९११.३०** | **५९.०८** |

## मालिका गाउँपालिका वडाहरुको वडागत प्रगति

### वडा नं. १(नेटा)

#### चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ तरकारिको बिउपल तथा पशु औषधी खरिद तथा वितरण।
- ✓ टनेल तथा आलुको बिउ वितरण।
- ✓ उत्कृष्ट कृषक छनौट गरि पठाईएको ।
- ✓ नियमति कार्यालयको काम ।
- ✓ राजश्व संकलन।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगारीको काम सम्पन्न ।

#### वैशाख महिनामा गर्ने कार्यहरु

- ➢ काम गर्न बाँकी रहेको योजनाहरु कार्यन्वयन गर्ने ।

- काम सम्पन्न पछि पनि भुक्तानि लिन आएका उपभोक्ता समितिहरुलाइ भुक्तानी को लागि लेखि पठाउने ।
- कार्यालयको नियमित कामाकाजलाइ निरन्तरता दिने ।
- योजनाको नियमित रेखदेख तथा अनुगमन गर्ने ।

## वडा नं. २ (दर्लिङ्ग)

### सम्पादित मुख्य काम

- ✓ वडा सिलिङ्गका २५ आयोजनाहरु मध्ये १५ योजनाको कामको रकम भुक्तानी भइसकेको ।
- ✓ पालिका सिलिङ्गका ७ वटा योजना मध्ये ५ वटा रकम निकासा भइसकेको ।

### चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ वडा कार्यालयमा आउने मो.बा निर्माण ।
- ✓ भेडा राखे डाँडामा मो.बा ,तम्मुडाँडा मो.बा ढलान कार्य भएको ।
- ✓ बुढीकोत डाँडा जाने बाटोको सिँढी निर्माण भएको।
- ✓ भौतिक रुपले वडा सिलिङ्गका ६०% तथा वित्तीय रुपले पुँजीगत तर्फ ६७% काम सम्पन्न भइसकेको।

### वैशाख महिनामा गर्ने कार्यहरु

- ✓ उत्कृष्ट शिक्षक र विद्यार्थी सम्मान कार्यक्रम ।
- ✓ पुँजीगत तथा चालु तर्फका रकम निकासा गरिने ।
- ✓ पालिका सिलिङ्गका योजनाका कार्यहरु छिटो तथा छरिटो गर्नको लागि समितिलिई ताकेता गरिने ।
- ✓ प्रधानमन्त्री रोजगारमा संलग्न कामदारहरुको रकम माग गर्ने ।
- ✓ पालिकाको निर्देशनमा भएका कामहरु गर्ने ।

## वडा नं. ३ (ह्वाङ्गदी)

### सम्पादित मुख्य काम

- ✓ वडा सिलिङ्गका २९ आयोजनाहरु मध्ये २६ वटा योजनाको कामको रकमभुक्तानि भईसकेको।
- ✓ पालिका सिलिङ्गका ९ वटायोजनाहरु मध्ये ३ वटा योजनाहरुको रकम निकासा भईसकेको

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ माहुरीपालनतालिमअन्तर्गतउन्नतकिसिमकोतालिमसञ्चालनगरिएकोजसअन्तर्गतमाहुरीपालककिसान कोघरघरमागईमाहुरीकोघारछुट्याउनेतालिमसञ्चालनगरिएको
- ✓ आगलागि नियन्त्रण सम्बन्धी तालिम ।
- ✓ तरकारीका बीउ बितरण ।
- ✓ कर्मचारी तथा जनप्रतिनिधि सहितकोअवलोकन भ्रमण ।
- ✓ बिपद व्यवस्थापन अन्तर्गत ठाउँ ठाउँमा भएको आगलागि नियन्त्रणमा लिईएको ।
- ✓ वडाको आफ्नै योजनामा दोस्रो चौमासिकसार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको ।
- ✓ भौतिक रुपले वडासिलिङ्गका ९९ प्रतिशत काम सम्पन्न भईसकको तर बित्तिय रुपलेपुँजिगत तर्फ ९२ % काम सम्पन्न भईसकेको

वैशाख महिनामा गर्ने कार्यहरु

- ✓ उत्कष्ट विद्यालय तथाशिक्षक सम्मान कार्यक्रमसञ्चालन गरिने ।
- ✓ पूँजिगत तथा चालु तर्फकारकम निकासा गरिने ।
- ✓ जेष्ठ नगरिक दिवा सेवाको कार्यक्रम सञ्चालन गरिने।
- ✓ पालिका सिलिङ्गकायोजनाका कार्यहरु छिटोतथा छरिटो गर्नको लागि समितिलाई निर्देशन गर्ने ।
- ✓ प्रधानमनत्री रोजगारमा संलग्न कामदारहरुको रकम माग गर्ने ।
- ✓ पालिकाको निर्देशनमा भएका कामहरु गर्ने ।

## वडा नं. ४ (अर्खावाङ्ग)

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ भ्यागुतेघाट ट्रष्ट निर्माण योजनाको कार्य सम्पन्न तथा अनुगमन भै भुक्तानीको प्रकृयामा रहेको।
- ✓ शिवालय मन्दिर व्यावस्थापन योजनाको कार्य सम्पन्न तथा अनुगमन भै भुक्तानी भएको ।
- ✓ देविपुजा मन्दिर ट्रष्ट निर्माण योजनाको कार्य सम्पन्न तथा अनुगमन भै भुक्तानी भएको ।
- ✓ पात्लेपानी वडा कार्यालय दुधिलाबोट खुल्केखोरे घो. बा. निर्माण योजनाको कार्य सम्पन्न तथा अनुगमन भै भुक्तानीको प्रकृयामा रहेको ।
- ✓ शैक्षिक गुणस्तर सुधार तथा शैक्षिक व्यवस्थापन योजनाको कार्य सम्पन्न भै भुक्तानीको प्रकृयामा रहेको ।
- ✓ सामुदायीक साझेदारीमा टोल टोलमा फ्रि वाईफाई योजनाको कार्य सम्पन्न ।
- ✓ सकारात्मक सोच कार्यक्रम सम्पन्न ।
- ✓ तल्लो पुरिमपाटा ठुलापाटा असारेखोर सिँचाई योजनाको कार्य सम्पन्न ।
- ✓ महिला क्षमता विकास कार्यक्रम सम्पन्न ।
- ✓ वडा कार्यालय समाग्रि खरिद तथा व्यवस्थापनको कार्य सम्पन्न ।
- ✓ स्वर्गद्वारी फुर्सेमाटा ट्रष्ट निर्माण योजनाको कार्य संचालनमा रहेको ।
- ✓ जलाधार तथा पानि मुहान संरक्षण योजनाको कार्य अन्तिम चरणमा रहेको ।

वैशाख महिनामा गर्ने कार्यहरु

- ✓ पालिकाको निर्देशनमा भएका कामहरु गर्ने।
- ✓ पुँजिगत तथा चालु तर्फकारकम निकासा गरिने ।
- ✓ कार्यालयको नियमित कामाकाजलाइ निरन्तरता दिने ।

## वडा नं. ५ (छापहिले)

सम्पादित मुख्य काम

- ✓ १२ जना कृषकहरुलाई च्याउ खेति तालिम ।
- ✓ तिते करेला र काँक्रा गरि १२०० विरुवा वडा कार्यालयमा उत्पादन ।
- ✓ तिते करेला र काँक्रा गरि १२०० विरुवा वडा कार्यालय बाट कृषकहरुलाइ वितरण गरेको।
- ✓ नियमति कार्यालयको काम ।

- ✓ योजना अनुगमन ।

## चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ भकारो सुधार कार्यक्रम अनुसार २० जना कृषकहरुको भकारो सुधार ।
- ✓ दैनिक कार्यालयको काम काज ।
- ✓ राजश्व संकलन ।
- ✓ वडा कार्यालयको आफ्नै प्लाष्टिक टनेल निर्माण ।
- ✓ उपभोक्ता समितिहरुलाई नियमित र छिटो काम गर्न फोन तथा पत्राचार ।
- ✓ योजना अनुगमन ।
- ✓ प्रधान मन्त्री रोजगार अनुसार रोजगारीको काम ।
- ✓ सामुहिक चक्ला वन्दि खेति अन्तर्गत ३०० रोपनीमा ५०० दाँते ओखरका विरुवा लागउने कार्या सम्पन्न। सामुदायीक ५०० दाँते ओखरका विरुवा लगाउने कार्य सम्पन्न ।
- ✓ योजना सम्मपन्न भएका योजनाहरुको रमक भुक्तानी सिफारिस
- ✓ स्वास्थ्य तथा शैक्षिक सुधार कार्यक्रम अनुसार शिक्षा, स्वास्थ्य, मनोपरामर्स तथा लाघु औषध दुर्व्यसन सम्बन्धि अभिभावक प्रशिक्षण कार्यक्रम सम्पन्न।
- ✓ १० जना कृषक हरुलाइ प्लाष्टिक टनेल वितरण ।
- ✓ ५४६ जना लाभग्राहिको सामाजिक सुक्षा भत्ता माग फाराम पेश ।

## वैशाख महिनामा गर्ने कार्यहरु

- ➢ काम गर्न बाँकी रहेको योजनाहरु कार्यन्वयन गर्ने ।
- ➢ काम सम्पन्न पछि पनि भुक्तानि लिन आएका उ स हरुलाइ भुक्तानी को लागि पठाउने।
- ➢ कार्यालयको नियमित कामाकाजलाइ निरन्तरता दिने ।
- ➢ योजनाको नियमित रेखदेख तथा अनुगमन गर्ने ।

# वडा नं. ६ (अर्जै)

## सम्पादित मुख्य काम

- ✓ चोरकाटे अर्जै छापहिले मोटर बाटोको राम्चे खण्डमा पक्की ढलाईको निर्माण कार्य ।
- ✓ राम्चे घ्यू खोला चौरखर्क मोटर बाटो स्तर उन्नति तथा जाली भर्ने कार्य ।

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ माग आधारित सिप मुलक तालिम- मौरी पालन सम्बन्धी ४ दिने तालिम ।
- ✓ हिउँदे तथा वर्षे फलफुल प्रवर्द्धन कार्यक्रम ।
- ✓ आरन सुधार तालिम सम्पन्न।
- ✓ सुपादेउराली ट्रष्ट निर्माण योजनाको प्रधमानमन्त्री सँगको साझेदारी कार्यक्रम सम्पन्न ।
- ✓ ऊखु प्रर्वद्धन कार्यक्रम सम्पन्न ।
- ✓ चौरेटोला पैदल मार्ग निर्माण ।
- ✓ दैनिक कार्यालयको काम काज ।
- ✓ राजश्व संकलन ।

वैशाख महिनामा गर्ने कार्यहरु

- ✓ भुक्तानी हुन बाँकी रहेका योजनाहरु यस वैशाख मसान्त भित्र भुक्तानी गराउने ।
- ✓ नियमित हुने कामकाज ।

## वडा नं. ७ (घमिर)

सम्पादित मुख्य काम

- ✓ नियमति कार्यालयको काम।
- ✓ योजना अनुगमन

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ दैनिक कार्यालयको काम काज ।
- ✓ एक घर एक धारा मालिका गाउपालिकाको कार्यक्रम अनुसार १३८ वटा धारा सम्पन्न राजश्व संकलन ।
- ✓ ७५ प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरणः।
- ✓ खड्क छत्र मन्दिर संरक्षण कार्यक्रम सम्पन्न।
- ✓ उपभोक्ता समितिहरुलाई नियमित र छिटो काम गर्न फोन तथा पत्राचार ।
- ✓ योजना अनुगमन ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम अनुसार लागत साझेदारीमा योजनाका काम ।
- ✓ सामुदायीक वनमा ८०० दाँते ओखरका विरुवा लगाउने कार्य सम्पन्न ।

वैशाख महिनामा गर्ने कार्यहरु

- काम गर्न बाँकी रहेको योजनाहरु कार्यन्वयन गर्ने।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न गर्ने ।
- काम सम्पन्न पछि पनि भुक्तानि लिन नआएका उ.स हरुलाइ भुक्तानी को लागि पठाउने
- अफिसको नियमित कामकाजलाइ निरन्तरता दिने ।
- योजनाको नियमित रेखदेख तथा अनुगमन गर्ने ।

## वडा नं. ८ (मर्भुङ्ग)

सम्पादित मुख्य काम

- ✓ योजना अनुगमन ।
- ✓ करेसावारी खेती।
- ✓ प्रधान मन्त्री रोजगार कार्याक्रमको लागी निवेदन संकलन।
- ✓ गरिव सगँ विशेस्वर कार्याक्रम अन्तरगत हलेतोको विउ तितरण ।

चैत्र महिनामा भएका कार्यहरु तथा कार्य प्रगति

- ✓ दैनिक कार्यालयको काम काज ।
- ✓ राजश्व संकलन ।
- ✓ गाँउपालिकावाट प्रस ५७ प्रतिसतका प्लाष्टिक टनेल वितरण ३७ जनालाई ।
- ✓ उपभोक्ता समितिहरुलाई नियमित र छिटो काम गर्न फोन तथा पत्राचार ।
- ✓ योजना अनुगमन ।
- ✓ प्रधानमन्त्री रोजगार अनुसार रोजगारीको कामको अनुगमन ।
- ✓ योजना सम्पन्न भएका योजनाहरुको रमक भुक्तानी सिफारिस ।
- ✓ च न ५८२ देखी ६७३ सम्मका शिफारिसहरु

वैशाख महिनामा गर्ने कार्यहरु

- काम गर्न बाँकी रहेको योजनाहरु कार्यन्वयन गर्ने ।
- काम सम्पन्न पछि  भुक्तानि लिन आएका उ.स हरुलाइ भुक्तानी को लागि पठाउने ।
- कार्यालयको नियमित कामाकाजलाइ निरन्तरता दिने । सिफारिस पन्जिकरण सामाजिक सुरक्षा योजना आदि।
- योजनाको नियमित रेखदेख तथा अनुगमन गर्ने।

### चैत्र महिनामामालिका गाउँपालिकाकोकुलतथा वडागत आन्तरिक राजश्व सङ्कलनः

| क्रसं . | वडा नं | आन्तरिक राजश्व सङ्कलन रु. |
|---|---|---|
| १ | १ | ३९,०२५ /- |
| २ | २ | ४५,०६२/- |
| ३ | ३ | ६,३८०/- |
| ४ | ४ | ३७,९७६/- |
| ५ | ५ | २७,१२०/- |
| ६ | ६ | १७,२४०/- |
| ७ | ७ | २२,७६१/- |
| ८ | ८ | ४०,२३२/- |
| ९ | मालिका गा.पा | ५७,७८६/- |
| | **जम्मा** | **२,९३,५८२/-** |

### चैत्र महिनाकोगाउँपालिकाको पंजिकरण तर्फको वडागत विवरण

| क्रसं. | वडा नं | जन्म | विवाह | मृत्यु | सम्बन्ध विच्छेद | बसाई सराई आएका) (परिवार | बसाई सराई गएका) (परिवार |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ९ | - | १ | - | - | - |
| २ | २ | ४ | - | १ | - | - | - |
| ३ | ३ | ५ | - | - | - | - | - |
| ४ | ४ | १ | १ | - | - | - | - |
| ५ | ५ | ११ | ३ | ३ | - | - | - |
| ६ | ६ | ७ | ३ | ३ | १ | - | - |
| ७ | ७ | ७ | | ३ | १ | - | १ |
| ८ | ८ | १३ | ६ | २ | - | १ | - |

**मालिका गाउँपालिकाले गरेका उत्कष्ट कार्यहरुः**

- ✓ गाउँपालिकाले एकिकृत घुम्ती शिविर सञ्चालन गरि स्वास्थय उचार, आयुर्वेदिक औषधि बितरण, माटो परिक्षण, विषादी वितरण, अपाङ्ग तथा जेष्ठ नागरिक परिचयपत्र वितरण, योजना फरफारक लगायतका विभिन्ने विषयमा सेवा प्रदान गरेको ।
- ✓ पहिलो बेत व्यउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यक्रम सञ्चालन गरेको ।
- ✓ उत्कृष्ट कृषकहरुलाई प्रोत्सान एंव सम्मान कार्यक्रम सञ्चालन गरेको।
- ✓ पालिका भित्रका विभिन्न विद्यालयमा रिक्त शिक्षक पुर्तीका लागि शिक्षक बैंकको स्थापना गरेको।
- ✓ सेवा प्रवाह वडातहबाटै प्रभावकारी बनाइएको ।
- ✓ चैत्र महिनासम्म आउँदा सम्म ५१.३२%पुंजीगत प्रगति भएको ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा ट्रष्ट, सिँढि , चौपारी, पार्क आदि निर्माण गरिएको ।

**मालिका गाउँपालिकाले गर्न नसकेका कार्यहरुः**

- ✓ आन्तरिक राजस्व क्षेत्रहरुको पहिचान र प्रभावकारी पहिचान गर्न नसक्नु ।
- ✓ माथिल्लो निकायबाट प्रयाप्त समन्वय नहुँदा जनशक्तिको उचित व्यवस्थापन गर्न नसक्नु।
- ✓ विकास निर्माणका कार्यमा सबैको सहयोय पाउन नसक्नु ।
- ✓ पर्यटन प्रवर्द्धन तर्फ अपेक्षित उपलब्धि हासिल गर्न नसक्नु ।
- ✓ बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्न नसक्नु ।

- ✓ सार्वजनिक सेवा प्रवाहमा नागरिकको अधिकार तथा दायित्व सम्बन्धमा स्पष्टरुपमा सुसूचित हुन नसक्नु ।

**अन्त्यमा :**

मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को चैत्र महिनाको प्रगति प्रतिवेदन तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू ,उपाध्यक्ष ज्यू ,वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु , सभा सदस्य ज्यूहरु , विषयगत समितिका सदस्य ज्यूहरु , राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजीवी सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, पत्रकार लगाएत सम्पुर्णमा हार्दिक आभार प्रकट गर्दछु । गाउँपालिकाको मासिक कार्य प्रगतिले राष्ट्रसेवक कर्मचारी तथा जन निर्वाचित दुवैलाई थप विकास निर्माणमा मार्गदर्शन प्राप्त हुने लक्ष्य राखि यस कार्यालाई निरन्तरता हुने प्रयासमा सबै सरोकारवालहरुको सकारात्मक सहयोग र सदभाव प्राप्त हुने अपेक्षा लिएको छु ।

विकास खनाल

प्रमुख प्रशासकीय अधिकृत

# चैत्र महिनामा भए गरेका प्रगति



एकिकृत घुम्ति शिविर-२०८०






एकिकृत घुम्ति शिविर-२०८०





मालिका गाउँपालिका बजार अनुगमन-२०८०






युरोपेली मुलुकबाट आउनुभएका बाह्य पर्यटकलाई स्वागत गर्दै



मालिका गाउँपालिका
MALIKA RURAL MUNICIPALITY
गुल्मी, लुम्बिनी प्रदेश